# खत्याड गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# रामतडी, मुगु
## कर्णाली प्रदेश नेपाल

**प्रारम्भिक बाल विकास सहजकर्ता पदको खुला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम र परीक्षा योजना**

*पाठ्यक्रमको रूपरेखाः यस पाठ्यक्रम योजनालाई तीन चरणमा विभाजन गरिएको छ ।*

प्रथम चरणः वस्तुगत परीक्षा (Objective Test) पूर्णाङ्कः ५०

द्वितीय चरणः विषयगत परीक्षा (Subjective Test) पूर्णाङ्कः ५०

अन्तिम चरणः अन्तर्वार्ता (Interview) पूर्णाङ्कः १५

**परीक्षा योजना (Examination Scheme)**

**१. प्रथम चरणः वस्तुगत परीक्षा (Objective Test)** **पूर्णाङ्कः ५०**

| पत्र | विषय | खण्ड | पूर्णाङ्क | उत्तीर्णाङ्क | परीक्षा प्रणाली | प्रश्न संङ्ख्या | समय |
|---|---|---|---|---|---|---|---|
| प्रथम | सामान्य विषय | सामान्य ज्ञान तथा बौद्धिक परीक्षण | ५० | २० | वस्तुगत बहुवैकल्पिक | २५ | ३० मिनेट |

**२. द्वितीय चरणः विषयगत परीक्षा (Subjective Test)**

| पत्र | विषय | पूर्णाङ्क | उत्तीर्णाङ्क | परीक्षा प्रणाली | प्रश्न संङ्ख्या | समय |
|---|---|---|---|---|---|---|
| द्वितीय | विषयगत क्षेत्र | ५० | २० | छोटो उत्तर | ८×५=४० | १ घण्टा ३० मिनेट |
| | | | | लामो उत्तर | १×१०=१० | |

**३. अन्तिम चरणः अन्तर्वार्ता (Interview) पूर्णाङ्क**

| पत्र/विषय | पूर्णाङ्क | परीक्षा प्रणाली | समय |
|---|---|---|---|
| अन्तर्वार्ता | १५ | बोर्ड अन्तरवार्ता | |

**द्रष्टव्यः**

१. यस पाठ्यक्रमलाई प्रथम चरण, द्वितीय चरण र अन्तिम चरण (अन्तर्वार्ता) मा विभाजन गरिएको छ ।

२. लिखित परीक्षाको माध्यम भाषा नेपाली वा अंग्रेजी अथवा नेपाली र अंग्रेजी दुवै हुनेछ ।

३. वस्तुगत बहुवैकल्पिक (Multiple Choice) प्रश्नहरूको गलत उत्तर दिएमा प्रत्येक गलत उत्तर बापत २० प्रतिशत अङ्क कट्टा गरिनेछ । तर उत्तर नदिएमा त्यस बापत अङ्क दिइने छैन र अङ्क कट्टा पनि गरिने छैन ।

४. बहुवैकल्पिक प्रश्नहरू हुने परीक्षामा क्यालकुलेटर प्रयोग गर्न पाइने छैन ।

५. परीक्षामा सोधिने प्रश्नसङ्ख्या, अङ्क र अङ्कभार यथासम्भव सम्बन्धित पत्र/विषयमा दिईए अनुसार हुनेछ ।

६. यस पाठ्यक्रम अनुसारका पत्र/विषयका विषयवस्तुमा जुनसुकै कुरा लेखिएको भए तापनि पाठ्यक्रममा परेका कानून, ऐन, नियम तथा नीतिहरू परीक्षाको मिति भन्दा ३ महिना अगावै संशोधन भई कायम रहेका विषयवस्तुलाई यस पाठ्यक्रममा परेको सम्झनु पर्दछ ।

७. प्रथम चरणको वस्तुगत परीक्षाबाट छनौट भएका उम्मेदवारहरूलाई मात्र द्वितीय चरणको लिखित परीक्षामा सम्मिलित गराइनेछ ।

८. प्रथम चरणको वस्तुगत परीक्षामा प्राप्त गरेको प्राप्ताङ्कको शत प्रतिशत अङ्क तथा द्वितीय चरणको लिखित परीक्षाको कुल प्राप्ताङ्कको आधारमा लिखित परीक्षाको नतिजा प्रकाशित गरिनेछ ।

९. द्वितीय चरणको लिखित परीक्षामा छनौट भएका उम्मेदवारहरूलाई मात्र अन्तिम चरणको सामूहिक परीक्षण र अन्तरवार्तामा सम्मिलित गराइनेछ

१०. लिखित परीक्षा र अन्तिम चरणको अन्तर्वार्ताको कुल प्राप्ताङ्कको आधारमा अन्तिम परीक्षाफल प्रकाशित गरिनेछ ।

११. प्रारम्भिक बाल विकास सहजकर्ताको योग्यताः माध्यमिक शिक्षा परीक्षा (SEE) उत्तीर्ण वा सो सरह

१२. स्थानीय विवाहित महिलालाई प्राथमिकता दिइनेछ ।

१३. पाठ्यक्रम लागू हुने मितिः गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि ।

# प्रारम्भिक बाल विकास शिक्षक पदको खुला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम, २०८२

## प्रथमपत्र (Paper I): General Subject

## सामान्य ज्ञान र बौद्धिक परीक्षण

**१. कर्णाली प्रदेशको भूगोल** **(प्रश्न सङ्ख्या २, अङ्क ४)**

१.१ भौगोलिक अवस्था, धरातलीय स्वरूप, किसिम र विशेषता

१.२ हावापानीको किसिम, विशेषता र त्यसको प्रभाव

**२. नेपालको इतिहास, सँस्कृति, सामाजिक व्यवस्था र नेपालको आर्थिक विकास**
**(प्रश्न सङ्ख्या ३, अङ्क ६)**

२.१ आधुनिक इतिहासः महत्वपूर्ण राजनीतिक घटनाक्रम

२.२ नेपाली समाजः बनोट, सामाजिक प्रथा, परम्परा, मूल्य र मान्यता

२.३ विकासका पूर्वाधारहरूः शिक्षा, स्वास्थ्य, कृषि, उद्योग, यातायात

**३. शिक्षाको परीचय र बाल विकास शिक्षाको पाठ्यक्रम** **(प्रश्न सङ्ख्या ४, अङ्क ८)**

३.१ शिक्षाको अर्थ, परिभाषा, स्वरूप, उद्देश्य र कार्यहरू

३.२ वर्तमान बाल विकास र शिक्षाको पाठ्यक्रम

**४. शिक्षा मनोविज्ञान** **(प्रश्न सङ्ख्या ६, अङ्क १२)**

४.१ शिक्षा मनोविज्ञानः अर्थ, अवधारणा, आवश्यकता र महत्व

४.२ मानव विकासः वृद्धि र विकासको अवधारणा, चरण र विशेषता

४.३ पूर्व बाल्यावस्थाः विशेषता, पूर्व बाल्यावस्थामा देखापर्ने परिवर्तनहरू (शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक परिवर्तन, रूचीहरू

**५. संविधान, ऐन तथा नियमावलीहरू** **(प्रश्न सङ्ख्या ५, अङ्क १२)**

५.१ नेपालको संविधान (मौलिक हक)

५.२ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ (शिक्षा सम्बन्धी)

५.३ प्रारम्भिक बाल विकास केन्द्रको राष्ट्रिय न्यूनतम मार्गदर्शन पुस्तिका, २०६७ (संशोधन २०७५ समेत)

**६. सामान्य बौद्धिक परीक्षण** **(प्रश्न सङ्ख्या ५, अङ्क १०)**

६.१ शाब्दिक, तार्किक/चातुर्य परीक्षण :

- अनुक्रम
- वर्गीकरण
- कोडिङ तथा डिकोडिङ

६.२ मात्रात्मक तार्किक परीक्षण :

- अनुक्रम
- वर्गीकरण

- कोडीङ

६.३ अशाब्दिक तार्किक परीक्षण :

- अनुक्रम
- वर्गीकरण
- मेट्रिक्स

<u>प्रारम्भिक बाल विकास शिक्षक पदको खुला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम</u>

<u>द्वितीय पत्र (Subjective Test)</u>

<u>विषयगत क्षेत्र</u>

**१. शैक्षणिक योजना र कक्षाकोठा व्यवस्थापन -१० अङ्क**

१.१ कक्षाकोठा व्यवस्थापनः परिचय, आवश्यकता, प्रयोग

१.२ बालमैत्री कक्षाकोठा व्यवस्थापन (अवधारणा र महत्व, कक्षाकोठाको वातावरण र बसाइ व्यवस्थापन)

१.३ कक्षाकोठामा विविधता व्यवस्थापन (भाषिक, सामाजिक, सिकाइ क्षमता, बौद्धिक र शारीरिक)

१.४ शैक्षिक सामग्री पहिचान, निर्माण, वर्गीकरण, व्यवस्थापन र संरक्षण

**२. बाल मनोविज्ञान -१० अङ्क**

२.१ बालमनोविज्ञानः अर्थ, क्षेत्र, आवश्यकता र महत्व

२.२ मानव वृद्धि र विकासः वृद्धि र विकासको अवधारणा र भिन्नता

२.३ पूर्व बाल्यावस्था र उत्तर बाल्यावस्थाको परिचय, विकासात्मक कार्य, विशेषताहरू, शारीरिक र संवेगात्मक परिवर्तन तथा प्रभाव, रूचीहरू, संकटहरू

२.४ पूर्व बाल्यावस्थाका विद्यार्थीको विकासमा शिक्षक र अभिभावकको भूमिका

**३. शिक्षण विधि र विद्यार्थी मूल्याङ्कन -१० अङ्क**

३.१ शिक्षण विधिः बाल विकास र शिक्षा तहमा अध्यापन हुने विषयहरूको क्षेत्र र शिक्षण विधि (परिचय, विशेषता र प्रयोग) शैक्षिक सामग्री र शिक्षण विधिको सम्बन्ध

३.२ बाल विकास केन्द्रमा गर्नुपर्ने दैनिक न्यूनतम क्रियाकलापहरू

३.३ मूल्याङ्कनः शैक्षणिक मूल्याङ्कन

३.४ बाल विकास र शिक्षाको पाठ्यक्रम र सिकाइका प्रक्रियाहरू

**४. बाल विकास र शिक्षा -२० अङ्क**

४.१ प्रारम्भिक बाल विकास र शिक्षाको पाठ्यक्रम, २०७७ (सिप क्षेत्रहरूः आधारभूत सिप क्षेत्रहरू र विषयगत सिप क्षेत्रहरू, सिकाइ सहजिकरण प्रक्रिया, पठन पाठन तथा विकासात्मक कार्यका लागि समय निर्धारण, सिकाइ वातावरण, समुदाय अभिभावकको संलग्नता, बाल शिक्षकको भूमिका र मूल्याङ्कन प्रक्रिया)

४.२ शैक्षणिक योजनाहरूः वार्षिक कार्यतालिका, एकाइ योजना, पाठयोजना र दैनिक कार्यतालिका

४.३ बाल विकास केन्द्र तथा कक्षाकोठाको सिकाइ वातावरण व्यवस्थापन (क्षेत्र र उपक्षेत्रगत जानकारी)

४.४ प्रारम्भिक बाल विकास र शिक्षाको विकास र चुनौतीहरू